गण्डकी प्रदेश सरकार

# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

पोखरा, नेपाल

## शैक्षिक परामर्श, पूर्व तयारी कक्षा र भाषा शिक्षण कक्षा सम्न्चालन सम्बन्धमा सूचना!!!

**दोस्रो पटक प्रकाशित सूचना मितिः २०८२/०३/१३**

प्रस्तुत विषयमा शैक्षक परामर्श, पूर्व तयारी कक्षा र भाषा शिक्षण कक्षा सञ्चालन गर्ने इच्छुक संस्थाहरूलाई **सञ्चालन अनुमति प्रदान गर्ने** सम्बन्धमा यस मन्त्रालयबाट मिति २०८२/०२/१४ गते प्रथम् पटक सार्वजनिक रुपमा सूचना प्रकाशन गरी सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र आवश्यक कागजात सहित यस मन्त्रालयमा निवेदन पेश गर्न भनी सम्बन्धित सबैलाई जानकारी गराईएकोमा सो अवधिमा यस मन्त्रालयमा प्रयाप्त निवेदन पेश हुन नसकेका र सो सम्बन्धी निवेदन पेश गर्न ईच्छुक संस्थाहरू धेरै भएको भन्ने बुझिन आएकोले यस मन्त्रालयको मिति २०८२/०३/०९ को निर्णय(माननीय मन्त्रीस्तर) अनुसार उक्त सूचनाको म्याद यो सूचना प्रकाशन भएको मितिले ३० दिन थप गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । विस्तृत जानकारीको लागि यस मन्त्रालयको वेभ साईड www.mosd.gandaki.gov.np मा हेर्नुहुन समेत अनुरोध छ ।

थप जानकारीको लागि सम्पर्क नः शा.अ. शंकरप्रसाद बराल(९८४६१०३९६८) र अधिकृत हिरा बहादुर थापामगर(९८४७६६९२९०)

## अनुसूची - १

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

## अनुमति पत्रका लागि दिइने निवेदन

श्री...........................मन्त्रालय,

गण्डकी प्रदेश, पोखरा, नेपाल ।

विषयः शैक्षिक परामर्श/पूर्व तयारी कक्षा/भाषा शिक्षण गर्ने संस्था सञ्चालन गर्न अनुमति पत्र पाऊँ ।

महोदय,

मिति........................... मा ........................................................................ नामको कम्पनी ...................................... शैक्षिक परामर्श/पूर्व तयारी कक्षा/भाषा शिक्षण कार्य प्रदान गर्ने उद्देश्य राखी दर्ता भएको हो । शैक्षिक परामर्श सेवा/पूर्व तयारी कक्षा (............................)/ भाषा शिक्षण (............................) सञ्चालन गर्ने अनुमतिका लागि/अनुमति नवीकरणका लागि देहायको कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं ।

निवेदकको

नाम, थरः...............................................

ठेगानाः ................................................

सम्पर्क टेलिफोनः ..................................

इमेलः ...................................................

संस्थाको नामः.........................................

संलग्न कागजातहरूः

(क) कम्पनीको स्वीकृत प्रबन्ध-पत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि,
(ख) सञ्चालकहरूको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,
(ग) स्थायी लेखा प्रमाण-पत्र (PAN), मूल्य अभिवृद्धि कर (VAT) को प्रतिलिपि,
(घ) कम्तीमा दुई जना परामर्शदाताको प्रमाण-पत्र,
(ङ) कुनै पनि देशको कम्तीमा दुई वटा कलेज तथा विश्वविद्यालयको आधिकारिक प्रतिनिधि भएको प्रमाण-पत्रको प्रतिलिपि ।
(च) कम्तीमा दुई वर्षको लागि घर भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपि,
(छ) कम्पनी, संस्थाको नाममा खाता सञ्चालनमा रहेको सम्बन्धित बैंकको सिफारिस पत्र,
(ज) संस्थाले प्रदान गर्ने सुविधा, कार्य प्रक्रिया र लागत समेत खुलाएको विवरण,
(झ) भाषा एवम् पूर्व तयारी कक्षा सञ्चालन गर्ने प्रशिक्षकहरूको योग्यता खुलेको प्रमाण पत्रको प्रतिलिपि सहितको विवरण ।